विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा जिल्ला
बागमती प्रदेश, नेपाल
२०७३

# शिक्षक पदस्थापनका थप आधार तथा मार्गदर्शनः

गाउँशिक्षा समितिबाट स्वीकृत मितिः २०७९/१२/२७

शिक्षक सेवा आयोगबाट प्राथमिक तह, तृतीय श्रेणी, स्थायी शिक्षक पदमा सिफारिस भई विगु गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयमा रिक्त रहेको दरबन्दीमा पदस्थापन हुने गरी आएका शिक्षकहरुलाई देहायबमोजिम पदस्थापन गरिनेछ ।

१. विगु गाउँपालिकामा स्थायी ठेगाना भएका शिक्षकहरुलाई प्राथमिकता दिइनेछ ।

२. माध्यमिक र आधारभूत तह (६-८) सञ्चालित विद्यालयमा अङ्ग्रेजी, विज्ञान र गणित विषयको दरबन्दी अपुग भएकोले अङ्ग्रेजी, गणित र विज्ञान विषयमा विषयगत दक्षता भएका शिक्षकहरुलाई आवश्यक्ताका आधारमा कक्षा ९-१२ र कक्षा ६-८ सञ्चालित विद्यालयमा पदस्थापन गर्ने ।

३. कुनै विद्यालयमा प्राथमिक तहको करार शिक्षकमा कार्यरत रही शिक्षक सेवा आयोगबाट प्राथमिक तहको स्थायी शिक्षक पदमा सिफारिस भई आएमा निजले सोही विद्यालयमा रिक्त रहेको दरबन्दीमा पदस्थापन हुने गरी रोजेमा निजलाई प्राथमिकता दिइनेछ ।

४. शिक्षक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति लिएर आएका शिक्षकहरुलाई गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको शैक्षिक आवश्यक्ता हेरी विषयगत योग्यता र क्षमताका आधारमा पदस्थापना गरिनेछ ।

लक्ष्मीप्रसाद रिजाल
शिक्षा अधिकृत

संजिव ओली
अध्यक्ष